# सायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**दुदिलेगडा, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**पत्र संख्याः २०७५/७६**
**च. नं.**

मितिः २०७५/०७/११

बिषय : उपभोक्ता समिति गठन सम्बन्धमा ।

श्री....नं. वडा कार्यालय,
सायल गाउँपालिका, .......... डोटी

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको आ.व. २०७५।७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार संलग्न विवरण बमोजिमका निर्माण कार्यहरु मध्ये उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न प्रभावकारी हुने निर्माण कार्यको लागि सायल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन र व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम देहायको प्रक्रिया पुरा गरी उपभोक्ता समिति गठन गरी अनुसूची ७ बमोजिमको प्रतिवेदन यस कार्यालयमा पेश गर्न हुन अनुरोध छ ।

१. श्रमदान, कन्टीजेन्सी, भ्याट र ओभरहेड सहित बढीमा कुल लागत रु. १ करोडसम्म भएको, स्थानिय सीप, श्रोत र साधन उपयोग हुने, लागत सहभागिता हुने, बिशेष प्राविधिक सीप आवश्यक नपर्ने, तथा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्दा बढी प्रभावकारी हुने निर्माण कार्यको लागि मात्र उपभोक्ता समिति गठन गर्ने ।

२. उपभोक्ता समिति गठन गर्दा देहायको प्रक्रिया अनुसार गर्नपर्नेछ ।

(क) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराई कम्तिमा ५० प्रतिशत लाभग्राहीहरुलाई अनिवार्य रुपमा उपस्थिति गराउनु पर्नेछ ।

(ख) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

(ग) गाउँपालिका स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(घ) वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ ।

(ङ) उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।

(च) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

(छ) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै संगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

(ज) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ ।

(झ) उपभोक्ता समिति गठनको निर्णय र प्रतिवेदनमा आयोजनाको नाम उल्लेख गर्दा गाउँसभाबाट पारित नाम र ठेगाना हु बहु उल्लेख गरी निर्णय स्पष्ट लेखेको हुनुपर्ने छ ।

आयोजनाको नाम फरक परेमा वा निर्णय अस्पष्ट भएमा उपभोक्ता समितिसँग सम्झौता गर्न सकिनेछैन र उक्त उपभोक्ता समिति मान्य हुनेछैन ।

(ञ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई वा डोजर /एक्साभेटर आदि जस्ता मेसिन उपकरण प्रयोग गरी काम गर्न गराउन पाइने छैन ।

(ट) उपभोक्ता समितिका पदाधिकारीहरुको नाम, नागरिकता नं र सम्पर्क विवरण अनिवार्य रुपमा संकलन गरी अनुसूची १ बमोजिमको ढाँचामा अभिलेख व्यवस्थित गर्नु पर्नेछ ।

(ठ) उपभोक्ता समितिले सम्झौता गर्दा आवश्यक प्रक्रिया र आयोजना कार्यान्वयन प्रक्रियाको सामान्य जानकारी समेत भेलामा गराउनु पर्नेछ ।

(ड) उपभोक्ता समिति गठन भए पछि उपभोक्ता समितिका पदाधिकारीहरुलाई सूचना गराई गाउँ कार्यपालिकाको कार्यालयले अभिमुखिकरण गर्नेछ ।

(३) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) सम्वन्धित आयोजना क्षेत्रको प्रत्यक्ष लाभग्राही स्थायी बसिन्दा

(ख) १८ वर्ष उमेर पुरा भएको

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(घ) सरकारी बाँकी बक्यौता, बेरुजु वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको

(ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको

(४) जनप्रतिनिधि,राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी (स्थायी, अस्थायी वा करार), शिक्षक र निर्माण व्यवसायी उपभोक्ता समितिको सदस्यमा बस्न पाईने छैन ।

(५) उपभोक्ता समितिले कार्यालयसँग सम्झौता गर्दा तपशिलमा उल्लिखित कागजातहरु पेश गर्नुपर्नेछ

(क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि

(ख) उपभोक्ता समितिका सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपि

(ग) आयोजनाको लागत अनुमान विवरण ( इस्टिमेट)

(घ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय

(ङ) वडा अध्यक्षको सिफारिस सहित अनुसूची ७ बमोजिमको प्रतिवेदन

(च) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरु

(छ) उपभोक्ता समितिको छाप

(६) उपभोक्ता समिति गठन, इस्टिमेट र गाउँपालिकासँग आयोजना निर्माणको सम्झौता नगरी निर्माण कार्य गरेको भएमा वा सार्वजनिक खरिद ऐन २०६३ , सार्वजनिक खरिद नियमावली, २०६४ र सायल गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन र व्यवस्थापन कार्यविधि २०७५ बमोजिम प्रक्रिया पुरा नभएमा उक्त निर्माण कार्य वापत गाउँपालिकाबाट रकम भुक्तानी गरिनेछैन ।

.........

सुनिल ठकुल्ला
प्रमुख प्रशासकीय अधिकृत